# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं, वैशाख १३ गते, २०७० साल (अतिरिक्ताङ्क ४

## भाग ५

### निर्वाचन आयोगको
### सूचना १
### निर्वाचन प्रयोजनको लागि राजनैतिक दल दर्ता गर्नेसम्बन्धी सूचना

निर्वाचन आयोग ऐन,२०६३ को दफा १९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका सूचना प्रकाशन गरेको छ ।

१. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२ वमोजिम निर्वाचन प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न चाहने प्रत्येक राजनैतिक दलले निर्वाचन आयोगद्वारा निर्धारण गरिएको कार्यविधि पूरा गरी यस आयोगमा आफ्नो दल दर्ता गराउन पर्ने व्यवस्था भएको हुनाले अर्को संविधान सभा सदस्यको लागि हुने निर्वाचनको प्रयोजनको लागि मान्यता प्राप्त गर्न चाहने प्रत्येक राजनैतिक दलले सम्वत २०७० साल जेष्ठ १५ गते सम्ममा देहाय वमोजिमको कार्यविधि पूरा गरी कान्तिपथ, काठमाण्डौ स्थित यस आयोगमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निवेदन दिनु पर्नेछ। निवेदनको ढाँचा राजनीतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३ को अनुसूची-१ मा तोकिए वमोजिम हुनेछ।

२. यो सूचनाबमोजिम दर्ताको लागि दिने निवेदनमा सम्वन्धित राजनीतिक दलले यस सूचनामा उल्लिखित अन्य कुराहरुको अतिरिक्त नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२ को उपधारा (२) मा उल्लिखित देहायका विवरण खुलाउनु पर्नेछ :-

(क) राजनीतिक दलको नाम र सो दलको प्रधान कार्यालय रहने ठेगाना,

(ख) राजनीतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको केन्द्रीय स्तरको समितिका सदस्य तथा अन्य पदाधिकारीको नाम र ठेगाना,

(ग) राजनीतिक दलको आय श्रोतको कोष र सो जुटाउने स्रोतको विवरण।

३. दर्ताका लागि निवेदन दिने राजनैतिक दलले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२ को उपधारा (३) द्वारा निर्धारित देहायका शर्तहरु पूरा गरेको वा पूरा गर्ने कबोल गर्नु पर्नेछ :-

(क) राजनैतिक दलको विधान वा नियमावलीमा भएको लोकतान्त्रिक व्यवस्था वा विधान वा नियमावलीमा गर्ने लोकतान्त्रिक व्यवस्था,

(ख) राजनीतिक दलको विधान वा नियमावलीमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका प्रत्येक तहका पदाधिकारीहरुको निर्वाचन हुने व्यवस्था,

(ग) राजनीतिक दलको विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलित लगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरु समेत रहने समावेशी व्यवस्था,

(घ) राजनीतिक दलको विधानमा दलका सदस्यहरुलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्था।

४. दर्ताको लागि दिइने निवेदनमा राजनीतिक दलले देहायका विवरणहरु संलग्न गर्नु पर्नेछ :-

(क) विधान,

(ख) घोषणापत्र,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) नियमावली,

(घ) झण्डा,

(ङ) चिन्ह,

(च) केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको केन्द्रीय स्तरको समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति,

(छ) सम्वत् २०६४ सालमा निर्वाचित तत्कालिन संविधान सभामा प्रतिनिधित्व गरेको भए सो प्रमाणित हुने लिखत, र

(ज) केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको सभापति वा महामन्त्री वा सो सरहका पदाधिकारीले राजनीतिक दल दर्ता गर्न निवेदन दिने व्यक्तिलाई दिएको अधिकार पत्र ।

५. निवेदन दिने राजनीतिक दलमध्ये सम्वत् २०६४ सालमा निर्वाचित तत्कालिन संविधान सभामा प्रतिनिधित्व गर्ने दलहरुबाहेक अन्य राजनीतिक दलहरुले कम्तीमा दश हजार मतदाताहरुको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन पेश गर्नु पर्नेछ ।

६. कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्न केवल धर्म, जात, जाति भाषा वा लिङ्गको आधारमा नेपाली नागरिक उपर भेदभावपूर्ण बन्देज लगाइएको वा कुनै राजनीतिक दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा मुलुकको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने वा मुलुकलाई विखण्डित गर्ने प्रकृतिको वा त्यस्तो दलको विधान वा नियमावलीमा निर्दलीय वा एकदलीय व्यवस्था सम्बर्धन र संरक्षण गर्ने उद्देश्य रहेछ भने नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२ को उपदफा (४) बमोजिम यस आयोगले त्यस्तो राजनीतिक दललाई दर्ता गर्ने छैन ।

७. निर्वाचन प्रयोजनको लागि यस आयोगबाट मान्यता प्राप्त गर्न चाहने प्रत्येक राजनैतिक दलले यस आयोगद्वारा निर्धारण गरिएको कार्यविधि पूरा गरी यस आयोगमा दर्ता गराउनु पर्नेछ । यस आयोगबाट निर्धारण गरिएको म्याद भित्र दर्ताको लागि निवेदन नदिने राजनीतिक दललाई निर्वाचन प्रयोजनको लागि मान्यता दिइने छैन ।

८. निर्वाचन प्रयोजनको लागि यस आयोगमा दर्ता नहुने राजनीतिक दलले दलको हैसियतमा निर्वाचनमा भाग लिन पाउने छैन ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. यससम्बन्धी थप जानकारीको लागि आयोगमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

## सूचना २

राजनैतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३ को नियम २० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सो नियमावलीको देहायका अनुसूचीमा देहायबमोजिम हेरफेर तथा थपघट गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. अनुसूची –१ मा रहेको प्रकरण ६ को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ :–

" (ज) संवत् २०६४ सालमा निर्वाचित तत्कालिन संविधान सभामा प्रतिनिधित्व गरेको भए सो प्रमाणित हुने लिखत, "

२. अनुसूची –४ को सट्टा देहायको अनुसूची –४ राखिएको छ : –

मुद्रण विभाग, सिंहदरबार





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–४

### नियम १० को उपनियम (१) संग सम्बन्धित

### मतदाताहरुको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन

**श्री निर्वाचन आयोग,**
**कान्तिपथ, काठमाण्डौ ।**

श्री .................... सभापति/अध्यक्ष/महासचिव रहनु भएको................. नामको राजनैतिक दल निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त गर्न निर्वाचन आयोगमा दर्ता गराउन हामी देहायका मतदाताले आफनो समर्थन जनाइ हस्ताक्षर गरेका छौं । हामीले यस दल बाहेक अन्य राजनैतिक दललाई समर्थन गरेका छैनौं ।

| क्र. सं | मतदाताको नाम, थर | जिल्ला | निर्वाचन क्षेत्र नं. | गा.वि.स./ न.पा. को नाम | वडा नं. | मतदाताको दर्ता क्रम संख्या | मतदाताको नागरिकता नम्बर र जारी भएको जिल्ला | मतदाताको माता वा पिता / पतिको नाम,थर | मतदाताको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

उपरोक्त विवरणहरु ठिक छन् । फरक ठहरे त्यसको जिम्मेवारी म आफै लिनेछु ।

अधिकार प्राप्त व्यक्तिको,-

राजनैतिक दलको छाप : हस्ताक्षर :

मिति : नाम, थर :

राजनैतिक दलको नाम, ठेगाना :

**आज्ञाले,**
**मधुप्रसाद रेग्मी**
**निमित्त सचिव**



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।